## “इनरुवाबासीमा अपिल”

**'विकासका लागि राजनीति गरौं राजनीतिका लागि विकास होइन ।'**

सुनसरीको सदरमुकाम भएर पनि इनरुवा नगरपालिका विकास र शहरीकरणमा पछि रहेको र्सबविदितै छ।दुइ दशक सम्म कर्मचारीको हातमा रहेको नगरपालिकाको अधिकार बल्ल जनप्रतिनिधिमा सरेको छ महिना भएको छ । यस विचमा हामीले निर्वाचनका बेला जनता सामु गरेको विकासको प्रतिबद्धतालाई भुल्नु हुदैन । हामीले इनरुवालाई समुन्नत, विकासित स्मार्ट सीटी बनाउने आम जनता समक्ष संकल्प गरेका थियौं। र सत्य पनि त्यहि हो । आम इनरुवाबासीले भोगेको विकासको पछ्यौटे पनलाई हामीले अब समाप्त गर्नु पर्छ । इनरुवालाई विकासित र स्मार्ट सीटी बनाउनका लागि चौडँ सडक अहिलेको आवश्यकता हो। हामीले अबको ५० बर्षपछि सम्मका लागि चाहिने गरि सडकलाई चौडा बनाउनु पर्छ ।

त्यसो गरिएन भने प्रत्येक बर्षसडक फुटाउने र टाल्ने काम बाहेक अरु केही गर्न सकिदैन। जुन २० बर्षसम्म कर्मचारीहरुले गरि सकेका छन्। जस्को कारण ठोस काम नहुदा राज्यको करोडौं बजेट खेर गएको अबस्था छ। कुन प्रधानमन्त्री र अर्थमन्त्रीले कति बजेट दिए भन्दा पनि राज्यबाट आएको रकमको सहि सदुपयोग हुनु पर्छ भन्ने हाम्रो मान्यता हो। प्रधानमन्त्री र अर्थमन्त्रीले आफ्नो पुर्ख्यौली सम्पत्ती वा ससुरालीको दाइजोबाट प्राप्त भएको रकम वितरण गरेको होइनन्। सबैलाई हेक्का हुनु पर्छकी यो राज्यबाट आएको सुविधा हो । इनरुवामा भइरहेको सडक विस्तारमा सबैभन्दा बढी अधिकार र भूमिका वडाध्यक्षहरुकै हुने यहाहरुलाई विदितै छ । अहिले निर्माण भइरहेको सडक निर्माण वडाध्यक्षहरुकै पहलमा भइरहेको हो। सडक मापदण्ड अनुरुपनै बन्नु पर्छ भन्ने हाम्रो मान्यता हो। सडक फराकीलो हुदा केहीलाई नोक्सानी हुन्छ त्यो स्वाभाविक हो। तर त्यसले दीर्घकालीन इनरुवावासीलाई फाइदा पुग्छ भने केही क्षतिलाई आत्मासात गरौं इनरुवालाई डेथ सीटीबाट स्मार्टसीटी बनाउन सबैले सहयोग गरौं।

विदेश गएर चौडा र सफा सडकमा सेल्फी खिचेर हामी इनरुवा वासीनै फेसबुकको वालामा हाल्छौं । तर आफ्नो शहरलाई त्यस्तै चौडा सडकवाला बनाउनमा किन मन खुम्च्याउछौं। केही ब्यक्तीको ब्यक्तीगत स्वार्थका लागि जनप्रतिनिधिले हिजो हजारौंको मासमा गरेको प्रतिबद्धता नर्बिसौं । जन प्रतिनिधि मेयर उपमेयर मात्र होइन, एउटा वडाको वडासदस्य पनि जनप्रतिनिधिनै हुन। त्यसैले हामी सबै जन प्रतिनिधिले आम जनताको भलाईका लागि लाग्ने हो । न की कसैको ब्यक्तीगत स्वार्थको गोटी बन्ने हो।

‘विकासका लागि राजनीति गरौं राजनीतिका लागि विकास होइन।’ आम जनताको भलाईका लागि काम गरौं केही ब्यक्तीको नीजि स्वार्थको गोटी बन्ने काम नगरौं । इनरुवाको विकास गरौं इनरुवालाई स्मार्टसीटी बनाउन सबैले सहयोग गरौं। धन्यवाद।

**राजन मेहता**
**नगर प्रमुख**
**इनरुवा नगरपालिका**